नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

हरिहरभवन, ललितपुर ।

# आ.व. ०७६/७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति : २०७७/०३/२२)**

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएको ।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

**आ.व. २०७६/७७ को सम्पत्ति विवरण**

| | |
|---|---|
| **क) कर्मचारीको संकेत नम्बर:** | **ङ) श्रेणी/तह:** |
| **ख) नाम, थर:** | **च) कार्यरत कार्यालय:** |
| **ग) पद/दर्जा:** | **छ) मोबाइल नं.** |
| **घ) सेवा/समूह:** | **ज) ई-मेल ठेगाना:** |

(३) कोभिड-१९ को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवत जावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने र **निजामती सेवा नियमावली २०५० को नियम ११८(१) बमोजिम "सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ"** भन्ने व्यवस्था भएकोले यस वर्ष सम्पति विवरण दर्ता गर्ने व्यक्ति स्वयं (व्यक्तिगत रुपमा) सम्पति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझाई सम्बन्धित कार्यालयबाटै एकमुष्ट २०७७ साल श्रावण १ गते देखि भाद्र २८ गते भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुने गरी छिटो हुने माध्यमबाट पठाउनु पर्नेछ ।

(४) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन अनुसार सिफारिश भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त गरेको भएतापनि) ले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखी सम्पति विवरण बन्दी खामहरु ३० (तीस) दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्ने र त्यस्ता सम्पति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ । तर निजामती सेवामा कार्यरत रही संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पति विवरण बुझाउनुपर्नेछ ।

(५) हुलाक मार्फत् तोकिएको अवधि भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएकोमा PIS मा प्रविष्ट गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।